अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## अर्नमा, सिरहा

प्रदेश नं. २, नेपाल

प.सं.:- २०७७/०७८
च.नं. :- ४०६

मिति :- २०७७/०७/०३

विषय :- **निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।**

श्री सबै वडा कार्यालय,
अर्नमा गाउँपालिका सिरहा ।

उपर्युक्त सम्बन्धमा यस अर्नमा गाउँपालिकाको मिति २०७७/०६/२६ गते बसेको CCMC को बैठकबाट तपसिल बमोजिमको निर्णय भएको हुँदा निर्णय कार्यान्वयन गर्न गराउन वडा कार्यालय, मेला समिति, विधालय लगायत सम्पूर्ण स्थानीयवासीमा जानकारी साथ अनुरोध छ ।

तपसिलः- निर्णयहरु

१. कोभिड-१९ संक्रमणको जोखिम कायमै रही समुदाय स्तर सम्म जोखिम फैली रहेको हालको अवस्थालाई दृष्टिगत गरी पशुपंक्षि/मासुवाट समेत संक्रमण जोखिम बढ्न सक्ने, वली दिन जानेको भिड संक्रमण जोखिम थप बढन जाने हुँदा यस वर्ष २०७७ को बडा दशैं, तिहार, छठ पर्व लगायतका चाडहरु घर-घरमै वसि मनाउन एवं परम्परा देखि व्यक्तिगत तथा सार्वजनिक स्थलका शक्ति पिढहरुमा ठूलो संख्यामा चढाउदै आएको पशु पंक्षी वलिको सट्टा संक्षिप क्षमा पूजा गरी शक्ति पीढको आराधना गर्न आदान गर्ने र यसमा सवैले सहयोग पुर्याउने ।
२. विधालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना २०७७ र विधार्थी सिकाई सहजिकरण निदैशिका २०७७ को पूर्ण पालाना गर्ने ।
३. कोभिड-१९ संक्रमण जोखिम न्यूनिकरण गर्न जारी आदेशको स्थानीय स्तरमा कडाईका साथ अनुगमन गर्न आ-आफ्नो स्थानीय तह वडाले सरोकारवालाहरु समेतको सहयोग लिई नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
४. सार्वजनिका खेलकुद नाच तमासा मेला र भिडभाड हुने कार्यक्रमको आयोजना नगर्ने नगराउने ।
५. तिहार, छठ आदि जस्ता पर्वहरुमा पटका तथा अकाशवाजी पट्का नगर्ने नगराउने ।
६. जुवा वा जुवा जन्य कार्य प्रति नियामक निकायले नियन्त्रण गर्ने कार्यमा सरोकारवालकाहरुले सहयोग पुर्याउने ।

............
कृष्णानन्द सिंह
प्रमुख प्रशासकीय अधिकृत

कृष्णानन्द सिंह
प्रमुख प्रशासकीय अधिकृत

Email– ito.arnamamun@gmail.com